आज मिति २०७७/०२/३२ गते बुद्धभूमी नगरपालिका नगर कार्यपालिकाको बैठक बुद्धभूमी नगरपालिकाका नगर प्रमुख श्री केशव कुमार श्रेष्ठ ज्यूको अध्यक्षतामा नगर कार्यपालिकाका पदाधिकारी सदस्यज्यूहरु र कर्मचारीहरुको उपस्थिति देहाय बमोजिम रहेयो ।

## उपस्थिति

| क्र.स. | नाम, थर | पद | ठेगाना | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | श्री केशव कुमार श्रेष्ठ | प्रमुख | बुद्धभूमी न.पा. १ | |
| २ | श्री मिरा थारु | उपप्रमुख | बुद्धभूमी न.पा. २ | |
| ३ | श्री तेजबहादुर बस्नेत | वडा अध्यक्ष | बुद्धभूमी न.पा. १ | |
| ४ | श्री भेषराज शर्मा | वडा अध्यक्ष | बुद्धभूमी न.पा. २ | |
| ५ | श्री गोविन्द प्रसाद आचार्य | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ३ | |
| ६ | श्री पवन कुमार थारु | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ४ | |
| ७ | श्री वेचन प्रसाद यादव | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ५ | |
| ८ | श्री नन्दलाल यादव | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ६ | |
| ९ | श्री राजेश्वर सिंह | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ७ | |
| १० | श्री कपिलदेव तिवारी | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ८ | |
| ११ | श्री खुमानन्द न्यौपाने | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ९ | |
| १२ | श्री त्रिलोकी खरविन्द | वडा अध्यक्ष | बुद्धभूमी न.पा. १० | |
| १३ | श्री कमला चौधरी | महिला सदस्य | बुद्धभूमी न.पा. १ | |
| १४ | श्री खिमकला पाण्डे | महिला सदस्य | बुद्धभूमी न.पा. ४ | |
| १५ | श्री प्रभावती लोहार | महिला सदस्य | बुद्धभूमी न.पा. ७ | प्रभावती |
| १६ | श्री बिमला देवी कुर्मी | महिला सदस्य | बुद्धभूमी न.पा. ८ | बिमला |
| १७ | श्री सरस्वती कुवंर | महिला सदस्य | बुद्धभूमी न.पा. ५ | |
| १८ | श्री फागु प्रसाद धोवी | दलित वा अल्प. स. | बुद्धभूमी न.पा. ५ | |
| १९ | श्री राम मनोरथ लोहार | दलित वा अल्प. स. | बुद्धभूमी न.पा. ६ | |
| २० | श्री रामदेव पासी | दलित वा अल्प. स. | बुद्धभूमी न.पा. २ | |
| २१ | श्री अनिल पौडेल | प्रमुख प्र. अधिकृत | बुद्धभूमि न.पा. | |

## मिति: २०७७।०२।३२ गतेको बुद्धभूमी नगरकार्यपालिका बैठकको निर्णयहरु :

**प्रस्ताव नं. १ : जग्गाको न्यूनतम मूल्यांकन सम्बन्धमा ।**

निर्णय : जिल्ला मालपोत कार्यालय मार्फत आ.व. २०७७/०७८ का लागि जग्गाको मूल्यांकनमा संशोधन गर्नुपर्ने भए संशोधनका लागि लेखी आएकोले सो सम्बन्धमा ।

- खेतीयोग्य जमिन प्रति कठ्ठा १ लाखमा नघट्ने गरी सबै वडाहरूको हकमा लागू गर्ने ।
- वडा नं. ४, ५, ६ र ८, १० ले पुनः मूल्यांकन गरी असार ७ गते भित्र पुनरावलोकन गरी नगरपालिकामा पेश गर्ने तथा अन्य वडाको हकमा समिक्षा गरी तोकिएको समयभित्र नगरपालिकामा अभिलेख पेश गर्ने उक्त समय भित्र कुनै प्रतिक्रिया प्राप्त नभए अघिल्लो आ.व.को निर्णय अनुरूप मूल्याकंनका लागि लेखी पठाउने निर्णय गरियो ।

**प्रस्ताव नं. २ : वडास्तरमा सञ्चालित क्वारेन्टाइनको खर्च सम्बन्धमा ।**

निर्णय : वडास्तरमा सञ्चालित क्वारेन्टाइनहरूको लागि गरिएको निर्माण, मर्मत र प्राविधिक मूल्याकंन, बन्दोवस्ती तथा खाना (मेस/होटल) को हकमा प्राप्त विल/भरपाईहरू, वडाको सिफारिस समेतका आधारमा वडा सचिव मार्फत गएको पेश्की फछ्यौट तथा थप खर्चको अनुमोदन, संशोधन, परिष्करणको हकमा

क) नगरपालिकाको उपप्रमुखको अध्यक्षतामा रहेको अनुगमन समितिमा स्वास्थ्य तथा लेखा प्रमुखलाई समेत आमन्त्रण गरी जेठ मसान्त सम्मको विल भरपाई सहित पेश भए पछि अनुमोदन, संशोधन, परिष्करण गरी सिफारिस गर्ने ।

ख) असार १ गतेदेखिको हकमा क्वारेन्टाइनमा बस्नेहरूलाई दिनको दुईपटक खाना, दुईपटक खाजाको लागि प्रति दिन रू. २५०।- नगद भुक्तानी गर्ने उक्त रकमबाट वडाको व्यवस्थापनमा मेस सञ्चालन गर्ने गराउने व्यवस्था मिलाउने । साथै अन्य बन्दोवस्ती सामाग्रीको हकमा मितव्यायी ढंगबाट गराउने ।

ग) क्वारेन्टाइनमा बस्ने व्यक्तिहरू २५ जना भन्दा कम भएको अवस्था खाना पकाउने भान्सेका नगर दररेट अनुरूप भुक्तानी दिने ।

**प्रस्ताव नं. ३ : राजश्वको दररेट सम्बन्धमा ।**

निर्णय : आ.व. २०७७/०७८ को बजेट तर्जुमाका सन्दर्भमा राजश्व परामर्श समितिबाट पारित भै आएका कर, दस्तुर, शुल्कका सम्बन्धमा छलफल गरी नगरसभामा पेश गर्ने ।

**प्रस्ताव नं. ४ : नगरपालिकाको प्रवक्ता तथा वडाको सूचना अधिकारी तोक्ने सम्बन्धमा ।**

निर्णय : नगरपालिकाका निर्णयहरूको सार्वजनिकीकरण, मिडियासँगको सम्र्पक/समन्वय र आधिकारिक रूपमा सूचना सम्प्रेषित गर्न प्रवक्ताको रूपमा वडा नं. ४ का वडा अध्यक्ष श्री पवन कुमार थारू लाई जिम्मेवारी तोकियो । साथै वडाहरूको कार्यको बारेमा आएका गुनासा, जिज्ञासा, कामकारवाहीका विषयमा सुचित गर्न वडाहरूमा पनि सूचना अधिकारी तोक्ने र सो को विवरण नगरपालिकाको Website मा समेत प्रकाशित गर्ने व्यवस्था मिलाउने निर्णय गरियो ।

**प्रस्ताव नं. ५ : नगरपालिकाको संचित खाता रा.वा. बैंकको वाणगंगा मार्फत सञ्चालन गर्ने व्यवस्था सम्बन्धमा ।**

निर्णय : रा.वा. बैंक को वाणगंगा शाखाको Extension को रूपमा यस नगरपालिका परिसरमा Extension खुलिसकेको सन्दर्भमा राजश्व संकलन तथा प्रविष्टी, भुक्तानी लगायतका नगरपालिकाको आर्थिक कार्य सम्बन्धी सबै कार्य एकद्वार प्रणाली मार्फत हुने शर्तमा सञ्चित खाता सञ्चालन गर्न रा.वा. बैंक मार्फत नेपाल राष्ट्र ~~बैंकलाई अनुरोध गरी पठाउने।~~ तथा प्रदेश लेखा नियन्त्रक कार्यालय लाई अनुरोध गरी पठाउने

केशव कुमार श्रेष्ठ
नगर प्रमुख

**प्रस्ताव नं. ६ : आईसोलेशन सञ्चालन अनुमोदन, औषधीजन्य सामाग्री खरिद सम्बन्धमा ।**
निर्णय : नगरस्तरीय आईसोलेशन सञ्चालन, अनुमोदन, विषम अवस्थामा नगरपालिका तथा (सर्वदलीय संयन्त्रका प्रतिनिधी सहितको उपस्थितिमा वार्ता द्वारा मायाज होटल लाई नगरपालिका स्तरीय आईसोलेसन वार्ड सञ्चालन, व्यवस्थापन सम्बन्धी निर्णयहरूको) साथै आईसोलेसनका लागि जरूरी Medical तथा Surgical Equipment हरूको खरिद प्रतिस्पर्धाबाट गर्ने/गराउने र उक्त होटलमा अत्यावश्यकीय रूपमा गरिनुपर्ने कार्यहरू पाटेशन, झ्यालहरूमा जाली राख्ने, सिसी क्यामरा राख्ने कार्य मितव्यायी ढंगबाट गर्ने गराउने ।

**प्रस्ताव नं. ७ : समितिको सिफारिस सम्बन्धमा ।**
निर्णय : नगरस्तरीय समितिहरू (पूर्वाधार, सार्वजनिक क्षमता, सामाजिक, आर्थिक लगायतबाट) पारित नीतिगत सुझावहरूलाई समेटी नीति तथा कार्यक्रम तथा यथासम्भव बजेट मार्फत सम्बोधन गर्ने गरी नगरसभामा पेश गर्ने ।

**प्रस्ताव नं. ८ : जिल्ला स्तरीय कोभिड ल्याब सञ्चालनका लागि बजेट व्यवस्था सम्बन्धमा ।**
**निर्णय :** प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा बसेको कपिलवस्तु जिल्लाका सबै पालिकाका जनप्रतिनिधि सहितको बैठकको निर्णय अनुरूप ल्याब स्थापना प्रयोजनका लागि रू. ६,००,०००।- प्रकोप व्यवस्थापन कोषबाट उपलब्ध गराउने निर्णय अनुरूप रकम उपलब्ध गराउने ।

**प्रस्ताव न. ९: प्रदेशको सर्शत बजेटका रूपमा बजेटको उपयोग सम्बन्धमा ।**

**निर्णय:** प्रदेशको सर्शत बजेटका रूपमा आएको अधुरो सभाहल निर्माण सम्बन्धी बजेटको उपयोग सशर्त बजेटका रूपमा सभाहल निर्माणका लागि यस अघि गठित समितिको अनुमोदन गरियो र उक्त समिति मार्फत बाँकी कामहरू समयमै सम्पन्न गर्ने गराउने व्यवस्था मिलाउने उक्त कार्य अनुसार २०७७ असार मसान्त भित्र सम्पन्न गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. १०: नदीजन्य वस्तु निकासी सम्बन्धमा ।**
**निर्णय:** यस नगरपालिका अन्तर्गतको विभिन्न खोलावाट निकासी हुने नदिजन्य पदार्थ व्यवस्थापनको लागि विभिन्न ठेकेदार कम्पनीहरुसंग नदिजन्य पदार्थ उत्खनन, संकलन र निकासीको लागि संझौता भएकोमा नेपाल सरकारले कोरोना भाईरस (कोभिड १९) संक्रमणको रोकथामको लागि गरेको लकडाउनको कारण चैत्र ११ गते देखि बन्द भएको कारणले संझौता बमोजिम नदिजन्य पदार्थ उत्खनन, संकलन र निकासीमा अवरोध भएको कारणले उक्त कार्य बन्द रहेकोमा ठेकेदारहरुवाट घाटगद्दी भएको बाकी नदिजन्य पदार्थ नापचाँज गर्न र नापचाज भै सकेको नदिजन्य पदार्थ निकासीको लागि माग गरिएको हुदा ठेकेदारको माग तथा औचित्य समेतलाई विचार गरी अघिल्लो आ.व.मा सोही प्रकृतिको समस्या समाधान सहजीकरण गर्न जिल्ला समन्वय समितिलाई नगरपालिकाको निर्णय अनुसार अनुरोध भएकोमा जिल्ला समन्वय समितिको च.नं. ६९९, मिति २०७६।३।६ को पत्रानुसार नदीजन्य पदार्थ विक्री तथा निकासीको लागि नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधी २०७५ मा जेष्ठ मसान्तसम्मको समय सीमा नतोकीएको हुदा सोही कार्यविधि अनुसार गर्नु गराउनु भनि लेखि आएकोले घाटगद्दी गरिएको तथा जेष्ठ मसान्तसम्म घाटगद्दी भएको नापजाँच प्रमाणीकरण हुन बाकी समेत प्रमाणीकरण गर्ने गराउने भनि नगर कार्यपालिकाको मिति २०७७ जेष्ठ ३२ गते बसेको बैठकको निर्णय अनुसार घाटगद्दी गरी परिमाण एकीन गर्न र घाटगद्दीको परिमाण एकीन भैसकेको हकमा नदिजन्य पदार्थ निकासी तथा विक्रीको लागि आषाढ मसान्तसम्म म्याद थप गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ११: नगर शिक्षा समितिका निर्णय अनुमोदन सम्बन्धमा ।**

नगर प्रमुख

प्रमुख प्रशासकीय अधिकृत

**निर्णयः** मिति २०७७।२।२५ गते बसेको नगर शिक्षा समितिको निर्णय तथा सोबाट विद्यालयहरूको भवन निर्माण शौचालय, ICT लगायत विषयका निर्णयहरू अनुमोदन गरियो ।

**प्रस्ताव नं. १२: आयोजनामा रकम थप गर्ने सम्बन्धमा ।**

**निर्णयः** यस बुद्धभूमि नगरपालिका नगर कार्यपालिकाको कार्यालयलाई आ.व. २०७६/०७७ को कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०७६ को दफा ५ अनुसार प्रधानमन्त्री रोजगार कार्यक्रमबाट आयोजना सञ्चालन गर्नको लागि रकम रू. ५९,९०,०००।- (अक्षरेपी उन्साठी लाख नब्बे हजार मात्र) विनियोजन भएकोले उक्त रकम बाट तपसिलका आयोजनाहरूमा रकम थप गरी आयोजना सञ्चालन गर्ने निर्णय गरियो ।

| क्र.स. | योजनाको नाम | टोल/बस्ती | आयोजनाको लागि माग रकम | आयोजनाको लागि थप गरिएको रकम |
|---|---|---|---|---|
| १ | बैरिहवा-पण्डितपुर-लक्ष्मीपुर गाउँको कुलो ममर्त | बैरिहवा | ५०००० | ५०००० |
| २ | झरनिया ताल मर्मत | इमिलिया | २०००० | ६०००० |
| ३ | भुन्डा बाँध तथा नाला मर्मत योजना बुद्धभूमिन .पा. १० चेत्रादेही | चेत्रादेही | १०००० | २०००० |
| ४ | बीरपुर-पत्थरकोट निर्माणधीन अधुरो पार्क | वीरपुर | ३०००० | ४०००० |
| ५ | घन्चौरा ताल मर्मत | घन्चौरा | २०००० | ६०००० |
| ६ | अधुरो निर्माणधीन बाल उद्दयान पार्क बसन्तपुर | बसन्तपुर | १७०००० | ५०००० |
| ७ | बुद्धभूमि न.पा. २ गोरूसिगें थारू गाउँ एनसिएल टावरदेखी पश्चिम बढहरा जोड्ने सडक निर्माण | गोरूसिगें | ५०००० | ७०००० |
| ८ | सडक माटो पटान बुद्धभूमि न.पा. १०, गंगनी | गंगनी | १०००० | २०००० |
| ९ | नयाँ सडक माटो पटान बुद्धभूमि न.पा. १० ढडीहवा | ढडीहवा | १०००० | २०००० |
| १० | हरिहरपुर पूर्वडिहवा बैजल्ला कुलो सोमई थारूको खेत देखि गोविन्द अधिकारीको खोर घोलासम्म कुलो मर्मत तथा खन्ने काम | हरिहरपुर | २०००० | २०००० |
| ११ | दरखास्वा देखि प्रेमनगर जाने बाटो माटो पाटन तथा मर्मत संम्भार | दरखास्वा | ५०००० | ६०००० |
| १२ | चरिगावा गाउँ पश्चिम कुलो सफाई | चरिगावा | १०००० | २०००० |
| १३ | हरिहरपुर पश्चिमडिहवा कुम्भा कुलो सफाई | हरिहरपुर प. | २०००० | २०००० |
| १४ | विरूवा रेखदेखको लागि हेरालु व्यवस्थापन | मानपुर | १०००० | १०००० |

**प्रस्ताव नं. १३: सातौं नगरसभाको मिति, समय र स्थान तथा नीति कार्यक्रमका सम्बन्धमा ।**

निर्णयः आ.व. २०७७/७८ को लागि नीति कार्यक्रम र बजेटका लागि सभाको मिति २०७७।३।१० गतेका दिन दिउँसो १:०० बजे सातौं नगरसभाको कार्यक्रम वडा नं. २ को गोरूसिगेंमा रहेको पौवा होटलमा बस्ने निर्णय गरियो ।

**प्रस्ताव नं. १४: विविध ।**

निर्णयः

- नेपाल नगरपालिका संघद्वारा प्रेषित विषयमा जानकारी भयो ।

अनिल पौडेल
प्रमुख प्रशासकीय अधिकृत

केशव कुमार श्रेष्ठ
नगर प्रमुख

- राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको पत्र सम्बन्धी विषय जानकारी भयो।
- अख्तियारबाट प्राप्त पत्रको विषयबस्तु (विद्यालय तथा नगरपालिकाबाट सञ्चालित योजना) को विषयमा जानकारी भयो
- अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट विद्यालय/योजना सम्बन्धी विषय जानकारी।
- स्वास्थ्य तर्फका कर्मचारीको तह अनुसार ३ दिन, ५ दिनको तलब कटौती गरि दायित्वमा रखिएकोमा सो रकम फिर्ता दिने।
- वडा नं. ५ र ८ को सिफारिस बमोजिम आगलागि भएको घरको लागि प्राविधिक बाट ल.ई. गराई कर्कट पाता उपलब्ध गराउने।

**प्रस्ताव नं. १५:**

निणयः अर्थ मन्त्रालयको च.नं.८२३ मिति २०७६।२।२० को आ.व. २०७६/७७ को अन्तर सरकारी वित्तीय हस्तातरण सम्बन्धी व्यवस्थापन र मार्गदशनको बुदाँ नं. १९ मा उल्लेख भए बमोजिम सर्शत अनुदानको रकम उद्देश्यमा फरक नपर्ने गरी स्थानीय तहबाटै कार्यक्रम संशोधन गर्न सकिने छ। भन्ने व्यवस्थाको आधारमा कोरोना भाईरस (कोभिड-१९) को संक्रमणको उपचारमा संलग्न जनशक्तिको जोखिम तथा व्यवस्थापन आदेश २०७७ को दफा ७ बमोजिम तोकिए बमोजिम सुविधा दोहोरो नपर्ने गरी सर्शत तर्फको मिल्ने शिर्षकहरूबाट भुक्तानी दिन।

अखिल पौडेल
प्रमुख प्रशासकीय अधिकृत

केशव कुमार श्रेष्ठ
नगर प्रमुख